वर्ष १९ । अंक २०८ । काठमाडौं । आइतवार, ३० वैशाख २०८१ । Sunday, 12 May 2024 । पृष्ठ ८+४ । मूल्य रू. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक प्रतिवेदन

## राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं ।
फोन: ०१-५३३२७४८

**१) वित्तीय विवरण :**

क) आ.व.२०८०/०८१ को तेश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तीय अवस्थाको विवरण

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०८० सम्ममा | पुष मसान्त २०८० सम्ममा | चैत्र मसान्त २०७९ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| स्थिर सम्पति | १,६८०,१८६,९५४.२८ | १,६८४,६८०,२५९.४८ | १,४६९,०४६,३७९.५१ |
| शेयर लगानी | ३४,१४१.०० | ३४,१४१.०० | ३४,१४१.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **१,६८०,२२१,०९५.२८** | **१,६८४,७१४,४००.४८** | **१,४६९,०८०,५२०.५१** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ८,४५३,०४८.१८ | १७,३६४,६७६.४९ | १५,५४५,४४७.७९ |
| आसामीहरु | ९,८११,९१९.३२ | १५,२०८,६७७.६३ | २५,७८९.७३ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ४४,११९,७८५.४० | ३३,८३८,३९२.८९ | २९४,४०९,८६६.४२ |
| **जम्मा चालु सम्पत्ति** | **६२,३८४,७५२.९०** | **६६,४११,७४७.०१** | **३०९,९८१,१०३.९४** |
| **जम्मा सम्पत्ति** | **१,७४२,६०५,८४८.१८** | **१,७५१,१२६,१४७.४९** | **१,७७९,०६१,६२४.४५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूंजी | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० | ६१२,७९३,८००.०० |
| जगेडा कोष र संचित नाफा | (४५,९६३,००९.०५) | (३०,४१२,५१९.७०) | २१,२९०,०२१.७० |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **५६६,८३०,७९०.९५** | **५८२,३८१,२८०.३०** | **६३४,०८३,८२१.७०** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | ९८४,०३१,८६६.२७ | ९८४,१६६,९०६.२७ | ९०१,८१३,०८३.६९ |
| **जम्मा गैह्र चालु दायित्व** | **९८४,०३१,८६६.२७** | **९८४,१६६,९०६.२७** | **९०१,८१३,०८३.६९** |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | १६९,२६६,०११.०५ | १६४,०३०,८६१.०१ | १४३,६७१,५८९.९५ |
| अल्पकालीन बैंक ऋण | २२,४१५,३३०.९४ | २०,४८५,३३०.९४ | ९८,८७०,७००.३५ |
| अन्य व्यवस्थाहरु | ६१,७६८.९७ | ६१,७६८.९७ | ६२२,४२८.७६ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरु** | **१९१,७४३,१९०.९६** | **१८४,५७७,९६०.९२** | **२४३,१६४,७१९.०६** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,७४२,६०५,८४८.१८** | **१,७५१,१२६,१४७.४९** | **१,७७९,०६१,६२४.४५** |

### आय विवरण

(रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०८० सम्ममा | पुष मसान्त २०८० सम्ममा | चैत्र मसान्त २०७९ सम्ममा |
| कुल आम्दानी | ५८,४६६,०५४.९१ | ३६,००४,८९३.१५ | २,०२६,६३९.४४ |
| विद्युत उत्पादन खर्च | (२३,९५५,६४७.४०) | (२१,०२६,८०३.५८) | - |
| प्रशासनिक खर्च | (२,८०२,५८०.५०) | (१,३००,२१७.९८) | (७४०,४८९.९६) |
| ह्रास खर्च | (१३,१०५,७९४.५९) | (७,९५४,२२३.०८) | (९,१९६.०२) |
| वित्तीय लागत | (८५,८५८,३१६.३६) | (५७,४२९,४४३.१०) | - |
| **आयकर कट्टी अघिको खुद नाफा/(नोक्सान)** | **(६७,२५६,२८३.९४)** | **(५१,७०५,७९४.५९)** | **१,२७६,९५३.४६** |
| **खुद नाफा (नोक्सान)** | **(६७,२५६,२८३.९४)** | **(५१,७०५,७९४.५९)** | **१,२७६,९५३.४६** |

नोट:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन्:**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | (१४.६३) | ९२.५० | ०.३३ | २८४.३७ | (२२.१४) |

## २) व्यवसायिक विश्लेषण :

**क) त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**

यस कम्पनीले रूकुम (पूर्व) जिल्लाको भुमे र सिस्ने गाँउपालिकामा ५ मेगावाट क्षमताको रूकुम गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरि चैत्र २८, २०७९ बाट व्यापारीक उत्पादन शुरू भई विद्युत बिक्री बाट आम्दानी गर्न थालेको छ। हाल २०८० चैत्र मसान्त सम्मको बिल रकम सहित रू ९८,११,९१९.३२ (अक्षरमा: अन्ठानब्बे लाख एघार हजार नौ सय उन्नाइस रूपैया बत्तीस पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ। कम्पनीले उक्त रकम विद्युत खरिद बिक्री सम्झौता अनुसार बिलीङ्ग गरेको छ र उक्त रकम नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा) र कम्पनी बीच हिसाब मिलान हुन बाँकी रहेकोले सो रकम घटबढ हुन सक्ने छ।

मिति भाद्र ०९, २०८० मा अप्रत्यासित रूपमा भएको अविरल बर्षाको कारणले रूकुम गाढ लगायत अन्य साना खोलाहरूमा आएको बाढी र पहिरोको कारण रूकुम गाढ जलविद्युत आयोजनाको Headrace Pipe मा क्षति पुग्न गएको साथै काबु बाहिरको परिस्थिती सृजनाको कारण रूकुम गाढ जलविद्युतको उत्पादन भाद्र ०९, २०८० बाट बन्द रहेकोमा मिति कार्तिक ०२, २०८० बाट संचालनमा रहेको छ र उक्त क्षतिको बारे इन्स्योरेन्स कम्पनीलाई जानकारी गराई सकेको छ। साथै कम्पनीले इन्स्योरेन्स कम्पनीलाई दावी गर्नुपर्ने Loss of Profit बापतको रकमलाई इन्स्योरेन्स contract को clause अनुसार provision गरि प्रत्यक्ष आम्दानीमा देखाईएको छ र उक्त रकमको settlement गर्ने बखत घटबढ हुन सक्ने छ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**

यस कम्पनीले रूकुम गाढ जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरि विद्युतको व्यापारीक उत्पादन शुरू गरीसके तापनी निर्माण सामग्रीका बाँकी रहेको मौज्दातको मुल्यांकन हुने क्रममा रहेको तथा अन्य केही खर्चहरूको बिल आउन बाँकी रहेकाले आयोजनाको कुल लागतमा सामान्य परिवर्तन हुन सक्ने छ।

**ग) विगतको अनुभवबाट संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**

यस कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था हाल सम्म देखिएको छैन। तर, मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर स्थिति) को असर भने सदा रहिरहने छ।

## ३) कानुनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरूद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

## ४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

**क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट बनुसार:**

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रू. | अन्तिम मूल्य रू. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ३५०.०० | २६२.१० | ३२४.०० | ५८.०० | १८,३१२.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

## ५) समस्या तथा चुनौती :

नेपाल विद्युत प्रधिकरण अन्तर्गतको रूकुम पश्चिम-सल्यान-दाङ्गको विभिन्न खण्डको ३३ के.भी. प्रसारण लाईनमा समस्या उत्पन्न भएका कारण आयोजनाले वर्षा याममा पनी जडित क्षमता अनुसार विद्युत उत्पादन गर्न सकेको छैन। यसको क्षतीपूर्तिको लागी यस कम्पनीले नेपाल विद्युत प्राधिकरणलाई पत्र समेत पठाईसकेको छ। साथै कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन्। अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

## ६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

## ७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।